आज मिति २०७७/०१/१६ गतेका दिन विहान ९ :०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९ | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २० | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१ | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३ | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४ | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५ | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६ | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७ | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८ | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९ | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३० | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१ | | | |
| ३२ | | | |
| ३३ | | | |
| ३४ | | | |
| ३५ | | | |

**निर्णय नं. १**

विश्वभरी नै कोरोना भाइरस (COVID-19) को विकराल समस्या भएको र नेपाल सरकारको मिति २०७६/१२/११ गते देखी को निरन्तर Lockdown ले नगरपालिकाको कार्यपालिका वैठकले राहत वितरण को लागी स्वीकृत मापदण्ड, २०७६ बमोजिम राहत सामाग्री वितरण गर्न खाद्य सामाग्री खरिद गर्नको लागी नगरपालिकाको कार्यालयले सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १४५ को उप नियम १, २ र ३ बमोजिम को कानूनी प्रक्रिया पुरा गरी विशेष परिस्थितीको अवस्थामा खरिद गरेको खाद्य सामाग्री आपूर्ति को बोलपत्र छनौट प्रक्रियालाई र संपूर्ण कानूनी प्रक्रिया र निर्णयलाई यस नगरपालिकाको कार्यपालिका वैठकले समर्थन गर्ने निर्णय गर्दै तपशिल बमोजिमको संबन्धमा तपशिल अनुसार हुने गरी निर्णय गरियो।

**तपशिल :**

क) नगर कार्यपालिकाको कार्यालयले मिति २०७७/०१/११ गते नगरपालिका भित्र नगर कार्यपालिकाले तोकेको राहत वितरण मापदण्ड र मिति २०७६/१२/२५ गते र २०७७/०१/०७ गते नगर कार्यपालिका वैठकले पारित गरेको खाद्य समाग्री (चामल, दाल, खाने तेल, मुसुरो दाल, चिनी, नुन) को अधिकतम दररेटमा रही लागत स्टिमेट तयार गरी सोका आधारमा प्रकाशित खाद्य सामाग्री खरिदको बोलपत्र सूचनालाई समर्थन दिने निर्णय गरियो। साथै सोका आधारमा प्राप्त बोलपत्र मध्ये रित पुगेको एक मात्र बोलपत्र ठाकुर ट्रेड लिँक को बोलपत्र प्रस्ताव स्वीकृत गरिएकोले र सोका आधारमा खरिद सम्झौता र कार्यादेश दिइएकोले सो लाई समेत समर्थन गर्ने निर्णय गरियो।

ख) नगरपालिकाको कार्यालयले स्वीकृत गरेको खाद्य सामाग्री बोलपत्र प्रस्ताव स्वीकृती र खरिद सम्झौता अनुसारको स्वीकृत कबोल अङ्क रकम रु. २,६१,०४,७३८.५० (अक्षरुपी दुई करोड एकसठ्ठी लाख चार हजार सात सय अठतिस रुपयाँ पैसा पचास) समर्थन गरी उक्त स्वीकृत कबोल मध्ये रु ५७,००,०००।- (अक्षरुपी सन्तावन्न लाख) बजेट बाट अपुग हुने रकम रु. २,०४,०४,७३८.५० (अक्षरुपी दुई करोड चार लाख चार हजार सात सय अठतिस रुपयाँ पैसा पचास) मात्र रकम व्यवस्थाको लागी सुदूरपश्चिम प्रदेश सरकार र नेपाल सरकार संग अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो। सथै बजेट प्राप्त भए पछि भुक्तानी लेख्ने र २०७७/०३/१५ सम्म पनि बजेट प्राप्त नभएमा नगरपालिकाले आन्तरिक व्यवस्थापन गरी भुक्तानी लेख्ने निर्णय गरियो।

**निर्णय नं. २**

तपशिल बमोजिमका बजेट विनियोजित हाल सम्म खर्च नभएका रकम राहत वितरणको लागी खाद्य सामाग्री खरिदको लागी भएको खरिद सम्झौता अनुसार भुक्तानीको लागी खर्च जुटाउने निर्णय गरियो।

क) विभिन्न वडाका विपद व्यवस्थापनका खर्च।
ख) विभिन्न वडाका खेलकुद रकमहरु।
ग) वित्तिय समानीकरणका खर्च हुन नसक्ने बजेट।
घ) तालिम, गोष्ठीका सम्झौता हुन बाँकी रकम।
ङ) मेयर कप, उप-मेयर कप र छात्रवृत्ति का रकम।
च) विभिन्न वार्डका खर्च हुन नसक्ने योजना रकमहरु।
छ) भ्रमण खर्चहरु।
ज) विभिन्न वार्डका लागी विनियोजन भएका तर सम्झौता नभै काम सुरु नभै खर्च हुन बाँकी रकम।

**निर्णय नं. ३**

राहत वितरण मापदण्ड, २०७६ मा भएको कानूनी व्यवस्था बमोजिम ज्यालादारीका  कर्मचारीले Lockdown अवधिभर ज्याला दिन नमिल्ने व्यवस्था भएकोले संबन्धित वार्ड अध्यक्षले काम गरेको प्रमाणित गरेको आधारमा ज्याला दिने तर निज ज्यालादारी गर्ने कर्मचारी को Lockdown अवधि भएको राहत नदिने समेत निर्णय गरियो।